मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड
MITHILA LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
ढल्केबर, धनुषा फोन नं. : ०४१-५५०७३८, ०४१-५६०७१० E-mail: mithilabank@yahoo.com

Unaudited Financial Results (Quarterly)

As at First Quarter (31/06/2079) of the Fiscal Year 2079/2080

NPR. in '000

S. N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	Total Capital and Liabilities	2,420,178.45	2,332,649.85	1,987,742.27
1.1	Paid up Capital	170,437.18	170,437.18	136,349.74
1.2	Proposed bonus share			
1.3	Reserve and surplus	160,841.75	116,362.40	150,019.01
1.4	Debenture & Bond			
1.5	Borrowing	1,266,798.29	1,242,707.87	1,080,079.00
1.6	Deposits (a+b)	740,611.64	702,578.05	543,984.85
	a. Domestic Currency	740,611.64	702,578.05	543,984.85
	b. Foreign Currency			
1.7	Income Tax Liability	1,827.18	24,710.96	8,533.50
1.8	Other Liabilities	79,662.42	75,853.40	68,775.16
2	Total Assets	2,420,178.45	2,332,649.85	1,987,742.27
2.1	Cash and Bank Balance	88,170.28	73,283.90	70,334.08
2.2	Money at Call and Short Notice	9,982.63	19,949.38	10,355.29
2.3	Investments	1,000.00	1,000.00	1,000.00
2.4	Net Loan and Advances (a+b+c+d+e+f)	2,246,876.97	2,174,133.07	1,845,416.73
A	Real Estate Loan			
	1. Residential Real Estate Loan (up to 80 Lacks)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income Generation Commercial complex Loan			
	4. Other Real Estate Loan (including Land Purchase & Plotting)			
B	Personal Home Loan of Rs.80 Lacks or less			
C	Margin Type Loan			
D	Term Loan			
E	Overdraft Loan/TR Loan/ WC Loan			
F	Others	2,246,876.97	2,174,133.07	1,845,416.73
2.5	Fixed Assets	9,095.14	9,028.14	10,560.56
2.6	Non Banking Assets			
2.7	Other Assets	65,053.42	55,255.36	50,075.60
3	Profit and Loss Account			
3.1	Interest Income	77,921.76	284,262.94	63,436.63
3.2	Interest Expenses	54,794.32	164,280.37	30,093.57
	A. Net Interest Income	23,127.44	119,982.57	33,343.06
3.3	Fees, Commission and Discount			
3.4	Other Operating Income	11,015.24	52,403.14	13,718.52
3.5	Foreign Exchange Gain/Loss (Net)			
	B. Total Operating Income	34,142.68	172,385.70	47,061.59
3.6	Staff Expenses	16,706.71	60,235.06	15,496.51
3.7	Other Operating Expenses	7,124.01	32,451.10	4,774.99
	C. Operating Profit Before Provision	10,311.96	79,699.54	26,790.09
3.8	Provision for Possible Losses	4,916.80	2,793.11	3,072.09
	D. Operating Profit	5,395.16	76,906.43	23,718.00
3.9	Non Operating Income/Expenses (Net)			
3.10	Write Back of Provision of Possible Loss	1,304.48	13,700.42	7,571.51
	E. Profit From Regular Activities	6,699.64	90,606.85	31,289.51
3.11	Extraordinary Income/ Expenses (Net)			
	F. Profit before Bonus and Taxes	6,699.64	90,606.85	31,289.51
3.12	Provision of Staff Bonus	609.06	8,236.99	2,844.50
3.13	Provision for Tax	1,827.18	24,710.96	8,533.50
	G. Net Profit/Loss	4,263.41	57,658.90	19,911.51
4	Ratios			
4.1	Capital Fund to RWA	13.27%	12.06%	14.47%
4.2	Non Performing Loan (NPL) To Total Loan	4.97%	2.61%	4.28%
4.3	Total Loan Loss Provision to Total NPL	32.19%	57.07%	49.69%
4.4	Cost of Funds	15.51%	10.55%	9.83%
4.5	Credit to Deposit Ratio	303.38%	309.45%	339.24%

Note : If the statutory and supervising authority notify to change the Un-Audited Financial Statements, the final figures may change accordingly.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०७९/८० को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु वार्षिक :

प्रति शेयर आम्दानी (वार्षिक) रु १०	मूल्य आम्दानी अनुपात १०६
प्रति शेयर नेटवर्थ रु १९४.३७	तरलता अनुपात ५.४१%
प्रति शेयर कुल सम्पत्तिको मूल्य रु १४१९.९८	

२. व्यवस्थापकीय विश्लेषण :

(क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : विगत केहि महिना देखि बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको तरलता अभावका कारण अर्थतन्त्रमा पर्न गएको असर र बैंक तथा वित्तीय संस्थाहरुले थोक विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा वृद्धि हुन गई यस वित्तीय संस्थाको कोषको लागतमा वृद्धि भएको तथा ग्राहक सदस्यबाट लिने ब्याजदर १५ प्रतिशत सम्म सीमित गरेकोमा खुद मुनाफा मार्जिन ऋणात्मक हुन गएकोले खुद नाफा गत आ.व.को सोही अवधि भन्दा कम हुन गई आम्दानीमा असर परेको छ । साथै, यस वित्तीय संस्थाको लगानी मौज्दात तथा तरलताको अवस्था सामान्य रहेको छ । गत त्रैमासको तुलनामा यस त्रैमासमा लगानीमा रहिरहेको कर्जा ७ करोड २७ लाखले वृद्धि भई रु.२ अर्ब २४ करोड रहेको छ । प्रथम त्रैमासमा यस वित्तीय संस्थाले रु. ५३ लाख ९५ हजार सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ भने यस सम्बन्धमा अन्य जानकारी वित्तीय विवरणले स्पष्ट पारेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : यस वित्तीय संस्थाको स्वीकृत कार्य क्षेत्र मधेश प्रदेशका ८ जिल्ला (सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मध्ये हालसम्म ८ जिल्लामा ४२ वटा शाखा कार्यालयहरु मार्फत जम्मा ६४,९६१ ग्राहक सदस्यहरुलाई आम्दानी मूलक आर्थिक क्रियाकलापमा संलग्न गराई औपचारिक वित्तीय पहुँचको माध्यमबाट लघुवित्त वित्तीय सेवा प्रदान गर्दै आएको छ । संस्थाले मधेश प्रदेशमा वित्तीय पहुँच नपुगेका ग्रामिण क्षेत्रमा शाखा विस्तार गरी लघुउद्यम, कृषि, पशुपालन तथा व्यवसाय सञ्चालनको लागि विशेष गरी विपन्न वर्गका महिलाहरुलाई केन्द्रित गरी आफ्ना कार्यक्रम मार्फत थप लघुवित्त सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, नियमनकारी निकायहरुबाट फेरबदल हुने नीति, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने थोक विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा उतार चढाव, वित्तीय बजारमा देखिएको तरलता अभावको समस्या, लघुवित्त क्षेत्रमा हुने उच्च सञ्चालन लागत तथा दिन प्रतिदिन कर्जा जोखिम जस्ता आदि कारणले वित्तीय संस्थालाई असर पार्न सक्छ । तथापी अहिले सम्म वित्तीय संस्थाले गम्भिर समस्या बेहोर्नु परेको छैन ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भै कारोबार भइरहेको छ । शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ । तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधीमा यस वित्तीय संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मूल्य १,४९५	शेयरको न्यूनतम मूल्य १,०७०
शेयरको अन्तिम मूल्य १,०६२	कारोबार भएको दिन ६५
कारोबार संख्या ९,४८३	कारोबार भएको शेयर संख्या ७५,३०४

५. समस्या तथा चुनौती :

देशको वर्तमान राजनैतिक अवस्था तथा मौद्रिक नीति अनुरुप लघुवित्त कारोबार गर्ने संस्थाहरुले ग्राहक सदस्यसँग लिने ब्याजदर १५ प्रतिशत सम्म सीमित राख्नु पर्ने प्रावधानले गर्दा खुद तथा ब्याजदरमा तोकिएको सिमाका कारण आर्जित मुनाफाबाट कार्यक्रम विस्तार गर्न चुनौतीपूर्ण रहेको तथा वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको कारणले सदस्यको वित्तीय आवश्यकतानुसार लगानी योग्य पूँजीको अभाव हुन सक्ने हुँदा कर्जा लगानी अपेक्षित रुपमा वृद्धि गर्न अवरोध हुन सक्ने छ । यी तमाम समस्याको बावजुद प्रभावकारी जनशक्ति व्यवस्थापन लागु गरि लगानीका क्षेत्रहरु पहिचान गरि सदस्यमा मितव्ययीता र उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य सञ्चालन गर्दै आइरहेको छ ।

६. संस्थागत सुशासन :

यस लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन सम्बन्धी निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदिको पूर्ण पालना गरेको छ । वित्तीय संस्थाले प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ । त्यसै गरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समिति पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

भवदिय
सत्यदेव राउत
प्रमुख कार्यकारी अधिकृत

मिति २०७९/७/२५ गतेको आर्थिक दैनिकमा प्रकाशित ।